# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


**विषयः- सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना।**

उपर्युक्त सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग आयोग ऐन, २०४८ को दफा ३१ (क) बमोजिम सार्वजनिक पद धारणा गरेको व्यक्तिले हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको निस्सा वा स्रोत सहितको विवरण सम्बन्धित निकायमा पेस गर्नुपर्ने छ भन्ने व्यवस्था छ। राज्यको पूनर्:संरचना सँगै संघीय प्रणालीको अभ्यास भएको वर्तमान सन्दर्भमा स्थानीय तहका कर्मचारी (संमायोजन भएका वाहेक), अस्थायी/करार शिक्षक तथा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको सम्पत्ति विवरण सम्बन्धित स्थानीय तहले राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन पोर्टलमा दर्ता गरी मूख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा भण्डारणका लागि रुजु गरी लैजाने गरिएको छ। सो सम्बन्धमा बागमती प्रदेश अन्तर्गत ११९ स्थानीय तह, प्रदेश सरकारका विभिन्न मन्त्रालय, मन्त्रालय अन्तर्गतका कार्यालय, प्रदेश सभा, प्रदेश सरकारका विभिन्न आयोग, संवैधानिक निकाय लगायत कार्यालयहरुको समेत सम्पूर्ण कर्मचारी/पदाधिकारी (नियुक्त/निर्वाचित) लगायतको सम्पत्ति विवरण रुजु गरी भण्डारण गर्नु पर्ने भएकोले सो कार्य अन्तिम मितिमा गर्न असम्भव हुने भएको भनी पटक/पटक सूचना अधिकारी तथा यस कार्यालयको प्रशासन शाखामा सहजीकरण र समन्वयका लागि मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा मकवानपुरबाट फोन आउने गरेको तथा बर्षातको मौसम कारण भनेकै समयमा सबै कागजात पुऱ्याउन समेत असम्भव हुने भएकोले सम्बन्धित सबैले २०८१/०४/१५ गतेभित्र यस कार्यालयको सूचना तथा प्रविधि शाखामा तोकिएको ढाँचामा सम्पत्ती विवरण फाराम भरी दर्ता गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

मितिः २०८१/०३/२६
ने.सं: ११४४ दिल्लाथ्व ४, बुधवार

२०८१/०३/२६
(लक्ष्मी प्रसाद बास्कोटा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत